दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

(शिक्षा शाखा)

फर्पिङ, काठमाण्डौं, बागमती प्रदेश

प.स : २०७९/२०८०
च.नं. शिक्षा - २५६

मिति : २०७९/१२/०९

श्री सबै सामूदायिक विद्यालयका शिक्षकहरु
द.न.पा, फर्पिङ ।

विषय : निवेदन पेश गर्ने सम्बन्धमा ।

दक्षिणकाली नगर शिक्षा समितिको मिति २०७९/१२/०९ गतेको निर्णय र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र शैक्षिक योजना तथा विकास महाशाखा शिक्षक व्यवस्थापन समन्वय शाखा सानोठिमी भक्तपुरको च.न २३६ मिति २०७९/१९/२८ गतेको प्राप्त पत्रानुसार हाल खुद पुल दरबन्दी बराबरको संख्यामा शिक्षक तलब भत्ता निकाशा नगरिएको र नगरिने भनि पत्र प्राप्त भएको हुदाँ यस न.पा भित्र कार्यरत प्राथमिक राहत, करार र स्थायी शिक्षकहरुले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनले तोकेको सिन्धुली, दोलखा, मकवानपुर, धादिङ र नुवाकोट जिल्लामा सरुवा भइ जान २०७९/१२/१९ गते भित्र रित पूर्वकको निवेदन दिन द.न.पा शिक्षा, युवा तथा खेलकूद शाखामा संम्बन्धी सरोकारवालालाई जानकारी गराइन्छ साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.न २३६ मिति २०७९/१९/२८ गतेको पत्र यसै साथ संलग्न गरिएको छ ।

९२।०९

.....

जनार्दन रिजाल
शिक्षा निर्देशक

बोधार्थ

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(शैक्षिक योजना तथा विकास महाशाखा)
सानोठिमी, भक्तपुर

श्री शिक्षा विकास तथा समन्वय इकाई, काठमाडौं

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

शिक्षक व्यवस्थापन समन्वय शाखा

प. सं. २०७९/८० शि. व्य.

च.नं. २३६

शाखा सम्पर्क नं. ०१-६६३५११३

मिति:२०७९/११/२८

विषय: खुद पुल दरवन्दी पठाउने सम्बन्धमा ।

श्री स्थानीय तह,

(खुद पुल दरवन्दी भएका मात्र)

प्रस्तुत विषयमा शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापनको कार्य हुँदै आएको व्यहोरा अवगत नै छ । सो सम्बन्धमा शिक्षकको खुद पुल दरवन्दी भएका अधिकांश स्थानीय तहहरुले दरवन्दी मिलानको प्रयोजनार्थ खुद पुल दरवन्दी कट्टा गर्न यस केन्द्रमा समयमै लेखी पठाई सहयोग गर्दै आउनु भएको सन्दर्भ विशेष सहाहनीय नै रहेको छ। हालसम्म पनि अझै खुद पुल दरवन्दी कट्टा गर्न बाँकी रहेका स्थानीय तहहरुले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई मार्फत यहि चैत्र मसान्तभित्र यस केन्द्रको ईमेल ठेगाना teachermgt.cehrd@gmail.com मा आइपुग्ने गरी देहाय बमोजिम पठाउनु हुन निर्देशनानुसार अनुरोध छ ।

यस सम्बन्धमा केन्द्रबाट विभिन्न मितिमा जारी भएको पत्रानुसार समयमै कट्टा गर्नुपर्ने रिक्त दरवन्दी नपठाई दरवन्दी मिलान कार्यमा सहजिकरण नगर्ने खुद पुल दरवन्दी रहेका स्थानीय तहहरुमा खुद पुल दरवन्दी बराबरको संख्यामा शिक्षक तलब भत्ता निकासा नगरिएको र नगरिने हुँदा शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र सम्पन्न गर्ने व्यवस्था हुन समेत निर्देशनानुसार अनुरोध छ ।

तपसिल:

१. खुद पुल रहेको कट्टा गर्नुपर्ने रिक्त दरवन्दी/राहतको विवरण ।
२. कटौती हुने खुद पुल दरवन्दी रहेको स्थानीय तहबाट तोकिएको सोही जिल्लाको अर्को दरवन्दी थप हुने स्थानीय तह वा सोही प्रदेशको दरवन्दी थप हुने अर्को जिल्लाको स्थानीय तहमा दरवन्दी थप सहित सरुवा भई जान ईच्छुक शिक्षकहरुको निवेदन माग र संकलन गरी सो सहितको विवरण।
३. माथि बुँदा १ र २ अनुसारको विवरण पठाउँदा समेत खुद पुल दरवन्दी बाँकी रहने भए राहत र दरवन्दीमा अस्थायी रुपमा कार्यरत शिक्षकहरुको अलग अलग कनिष्ठताको सूची तयार गरी पठाउनुहुन ।

राम बहादुर अधिकारी

शाखा अधिकृत

बोधार्थ :

श्री शिक्षा विकास तथा समन्वय इकाई,

(खुद पुल दरवन्दी भएका मात्र) : आवश्यक समन्वय र सहजीकरणका लागि ।